# कृपा

राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२२२ बारा, २०८३ असोज १८ गते आईतबार / अष्टमी/नवमी / नेपाल संवत् ११४६ / Sunday, October 4 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## देवतालको रौवाहीमा पोखरीमा डुबेर दुई किशोरीको मृत्यु



कलैया,१७ असोज/बाराको देवताल गाउँपालिका( ६ मा जितिया पर्वमा पोखरीमा नुहाउने क्रममा डुबेर दुई किशोरीको मृत्यु भएको छ।

पोखरीमा नुहाउन पुगेका स्थानीय राजेश पटेलकी १५ वर्षीया छोरी चाँदनी पटेल र भोला पटेलकी १६ वर्षीया छोरी निशा पटेलको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक राजाबाबु ठाकुरले जानकारी दिनुभयो।

प्रहरीका अनुसार देवताल गाउँपालिका( ६ रौवाही स्थित पोखरीमा नुहाउन गएका बेला बालिकाहरु बेपत्ता भएका थिए। बेपत्ता भएको केहीबेरमा दुबै बालिका मृत भेटिएको हो।

घटनालगत्तै उद्धार गरी दुवै किशोरीलाई उपचारका लागि कलैया प्रादेशिक अस्पताल ल्याइएको थियो। तर, चिकित्सकहरुले उनीहरूलाई मृत घोषणा गरेका थिए। मृतक दुवै किशोरीको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल कलैयामा राखिएको प्रहरीले जनाएको छ।

## बारा-२ का रास्वपा सांसद सिंहमाथि भेदभाव तथा अपमानजनक व्यवहार मुद्दा दर्ता

कलैया, १७ असोज/बारा क्षेत्र नं २ को रास्वपा सांसद चन्दनकुमार सिंहमाथि भेदभाव तथा अपमानजनक व्यवहार मुद्दा दर्ता भएको छ।

उच्च अदालत जनकपुरको इजलास वीरगञ्जबाट भएको परमादेश अनुसार, गत असोज ६ गते जिल्ला प्रहरी कार्यालय बारामा रास्वपा सांसद सिंहमाथि मुद्दा दर्ता भएको हो।

बाराकै देवताल गाउँपालिका( ५ बस्ने ३१ वर्षीय गनपत कुमार महतोको जाहेरीले सांसद सिंहसहित १४ जनाविरुद्ध भेदभाव तथा अपमानजनक व्यवहार मुद्दा दर्ता भएको हो। उच्च अदालतको परमादेशमा सांसद सिंहमाथि उक्त मुद्दा दर्ता भएको बराका प्रहरी उपरीक्षक (एसपी) नरेन्द्र कुँवरले बताउनुभयो।

उच्च अदालतको परमादेशले दर्ता भएपनि अनुसन्धान भइरहेको छ। तर पक्राउ पुर्जी भने जारी नभएको उहाँले बताउनुभयो। यस अघि पनि सांसद सिंहविरुद्ध सो मुद्दा दर्ता गराउने प्रयास भएको थियो।



बाराको देवताल गाउँपालिकामा सुपरभाइजर पदमा कार्यरत महतोले समाजमा भएका गलत गतिविधिलाई विरोध गरेकै कारणबाट २७ कात्तिक २०८१ मा सिंहले अरु व्यक्तिहरूबाट गनपतलाई सामाजिक बहिस्कार गर्ने निर्णय भएको जाहेरीमा दावी गरिएको छ।

यो आधारसहित पालिकामा उजुरी पर्दा करार सेवामा कार्यरत सुपरभाइजर महतो आफूले ७ दिन निलम्बनमा परेको बताउनुभएको छ।

जाहेरीमा आफूलाई सामाजिक रूपमा बहिष्कार गर्ने, अपमानित गर्ने तथा गाउँघरमा आफ्नो चरित्र र व्यक्तित्वमा आँच आउने गरी प्रचार( प्रसार गर्ने काम भएको आरोप लगाइएको दाबी गरिएको छ।

जाहेरीमा सांसद सिंहसँगै रामबाबु प्रसाद यादव, ईश्वर चौधरी, विश्वनाथ सिंह, दिला सिंह, भैरव राउत, शिवदर्शन पण्डित, वीरेन्द्र पसवान, प्रमोद प्रसाद साह, हरिनारायण गिरी, रामबाबु यादव, भोडीलाल साह, रामेश्वर महतो र देवराज महतोको नाम उल्लेख छ।

जाहेरीअनुसार विपक्षीहरूले गाउँमा विकाससम्बन्धी काम गर्न अवरोध गरेको र आफूले त्यस्ता अवरोधका बाबजुद विकाससम्बन्धी काम गराउन पहल गरेपछि विभिन्न व्यक्तिसँग मिलेर आफूलाई समाजबाट बहिष्कार गर्ने निर्णय गरेको आरोप उहाँको छ।

उहाँले जाहेरीमा गाउँघरमा हुने विवाह, सामाजिक तथा धार्मिक कार्यक्रममा आफू तथा आफ्नो परिवारका सदस्यलाई सहभागी हुन नदिने, सार्वजनिक स्थान तथा धार्मिक स्थलमा समेत बहिष्कार गर्न लगाउने, आफूलाई अपमानजनक व्यवहार गर्ने र गाउँघरमा आफूविरुद्ध विभिन्न किसिमका कुरा प्रचार(प्रसार गर्ने गरिएको उल्लेख गर्नुभएको छ।

यस्तै, विपक्षीहरूले आफूलाई ‘ठूलोबडा’ बन्ने व्यक्ति भन्दै गाउँघरका दलित, गरिब, विपन्न तथा अल्पसंख्यक समुदायका मानिसलाई पैसा तथा अन्य प्रलोभन दिएर आफ्नो विरोधमा प्रयोग गरेको आरोपसमेत जाहेरीमा लगाइएको

बाँकी तेश्रो पेजमा

## निजगढमा पार्टी सभापतीले जग्गाको निस्सा वितरण गरेपछि स्थानीयको विरोध



निजगढ, १७ असोज/निजगढ नगरपालिका वडा नम्बर १ सिंगौलमा सुकुम्बासीलाई वितरण गर्न वडा कार्यालयले तयार पारेको जग्गाको निस्सा नेपाली कांग्रेस वडा नम्बर १ का सभापति बुद्ध लामाले वितरण गरेपछि स्थानीयले विरोध जनाएका छन्।

कांग्रेस पार्टीका वडा सभापति लामाले वडा कार्यालयमा बसेर आज बिहान सुकुम्बासीहरुलाई अनाधिकृत रुपमा जग्गाको निस्सा वितरण गरेको भन्दै अन्य दलका कार्यकर्ता र स्थानीयले विरोध गरेका हुन्।

सभापति लामाले अधिकार क्षेत्र मिचेर वडा अध्यक्ष मंगले लोप्चनसंगको मिलिभगतमा वडा कार्यालयबाट अनाधिकृत रुपमा सुकुम्बासीलाई जमिनको निस्सा वितरण गरिरहेको खबर बाहिरिएपछि आफूहरु वडा कार्यालयमै पुगेर विरोध जनाएको एमाले वडा अध्यक्ष कुमार खडकाले जानकारी दिनुभयो।

सभापति लामाले वडा अध्यक्ष लोप्चनको कुर्सीमा बसेर आफ्नै हातबाट निस्सा वितरण गरिहेको पाइएपछि स्थानीयले विरोध गरेर लामालाई बाहिर निकालेको एमाले अध्यक्ष खडकाले बताउनुभयो।

सभापति लामाले वडाका अन्य जनप्रनिधि र कर्मचारी समेत नराखी निस्सा वितरण गरेका हुन्।

सभापति लामाले गैह्कानुनी रुपमा राजनीतिक स्वार्थ पूर्तिको लागि निस्सा वितरण गरेको एमाले अध्यक्ष खडकाको भनाइ छ।

स्थानीयको विरोधपछि वडा अध्यक्ष लोप्चन र अन्य जनप्रनिधिहरु कार्यालयमा आएर आफैले निस्सा वितरण सुरु गरेका थिए। वडा अध्यक्ष लोप्चनले भने आफ्नो व्यस्तताका कारण सभापति लामालाई आफूले नै निस्सा वितरण गर्न अनुमति दिएको बताउनुभएको छ।

वडा कार्यालयले सुकुम्बासीहरुको धनी पुर्जा बनाउने क्रममा निस्सा वितरण सुरु गरेको छ। कार्यालयबाट आजमात्रै ८०/९० जना सुकुम्बासीलाई निस्सा वितरण गरेको थियो।

## जीतपुरसिमरामा वडास्तरीय योजना वडा कार्यालयबाटै सञ्चालन हुने

सिमरा, १७ असोज/ जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डमरुप्रसाद निरौलाले चालु आर्थिक वर्षको वडा स्तरका सबै योजना सञ्चालन तथा भुक्तानीको अधिकार सम्बन्धित वडा सचिवहरूलाई नै प्रत्यायोजन गर्नुभएको छ।

निरौलाले उपमहानगरभित्रका २४ वटै वडाका सचिवहरूलाई योजना सम्झौतादेखि अन्तिम भुक्तानीसम्मको अधिकार सुम्पिनुभएको हो।

उपमहानगरपालिकाले पहिलो पटक यसरी वडास्तरका योजनाका सम्पूर्ण अधिकार वडा तहमै पठाएको हो। निरौलाले अख्तियारी दिएसँगै २४ वटा वडाका लागि छुट्याइएको २८ करोड ५० लाख ३८ हजार एक सय ४७ रुपैयाँ बराबरका वडास्तरीय




योजनाहरूको कार्यान्वयनको जिम्मेवारी वडा सचिव र प्राविधिकहरूको हातमा पुगेको छ। अब वडा स्तरका योजनाको सम्झौता, कार्यादेश र भुक्तानीका सबै प्रक्रिया वडा कार्यालयबाटै सम्पादन हुनेछन्।

यसअघि वडा तथा नगर स्तरीय सबै योजनाहरूको सम्झौता, कार्यादेश र भुक्तानीका प्रक्रियाहरू उपमहानगरपालिकाको जीतपुरस्थित कार्यपालिकाको कार्यालयबाट हुँदै आएका थिए। सबै योजनाका काम एकै ठाउँबाट गर्दा कार्यालयमा अत्यधिक भिड हुनुका साथै समयमै योजना कार्यान्वयन गर्न चुनौती थपिने गरेको थियो।

विकेन्द्रीकरणको यस कदमले वडा कार्यालयहरूलाई प्रशासनिक र वित्तीय रूपमा बलियो, जिम्मेवार र जनताप्रति थप जवाफदेही बनाउनुका साथै नगर स्तरीय ठूला आयोजनाहरूमा ध्यान केन्द्रित गर्न मद्दत पुऱ्याउने प्रमुख प्रशासकीय अधिकृत निरौलाको भनाइ छ। मातहतका कर्मचारीलाई सक्षम र

बाँकी तेश्रो पेजमा

## मैनालीलाई निजगढ सभापती बनाउने कांग्रेस देउवा समूहको तयारी

निजगढ, १७ असोज/नेपाली कांग्रेसको देउवा समूहले युवा नेता खड्गराज मैनालीलाई निजगढ नगर सभापति बनाउने भएको छ।

१५औं महाधिवेशनअन्तर्गत आगामी असोज २० गते हुने पालिका अधिवेशनमा मैनालीलाई निजगढ नगर सभापति बनाउने विषयमा समूहभित्र छलफल भइरहेको कांग्रेस स्रोतले जनाएको छ।

पार्टी संगठनलाई थप गतिशील बनाउने, युवाको सहभागिता बढाउने तथा नयाँ सोच र ऊर्जाका साथ कांग्रेसलाई अघि बढाउने उद्देश्यले



मैनालीलाई नगर सभापतीका रूपमा प्रस्ताव गरिएको बताइएको छ। मैनालीलाई सभापतीका रूपमा अघि सार्ने विषयमा समूहभित्र सकारात्मक वातावरण बनेको स्रोतको दाबी छ।

मैनालीले पनि पार्टीको नगर सभापतीको जिम्मेवारी सम्हाल्न नेताहरुबाट अनुरोध आएको बताउनुभएको छ। ‘नेताहरुले पार्टीको जिम्मेवारी लिन प्रस्ताव गर्नुभएको छ, उहाँले भन्नुभयो, तर यस विषयमा मैले कुनै निर्णय गरिसकेको छैन।’ मैनालीले साथीहरुसंग थप सल्लाह गरेर मात्रै आफू अघि बढ्ने पनि बताउनुभएको छ।

नेपाली कांग्रेसको राजनीतिसँगै सामाजिक तथा युवा अभियानमा समेत

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय.......

# कांग्रेसमा गुटबन्दी

नेपाली कांग्रेस नेपालको लोकतान्त्रिक आन्दोलनको महत्वपूर्ण शक्ति हो। स्थापनाकालदेखि नै यस पार्टीभित्र विचार, नेतृत्व र कार्यशैलीलाई लिएर मतभेद देखिँदै आएका छन् ।

फरक विचार हुनु लोकतान्त्रिक पार्टीका लागि स्वाभाविक भए पनि ती मतभेद व्यक्तिगत स्वार्थ, पदको प्रतिस्पर्धा र गुटगत राजनीतिमा परिणत हुँदा समस्या उत्पन्न हुन्छ। इतिहासमा कांग्रेसले विभिन्न चरणमा विभाजन र पुन:एकीकरणको अनुभव गरिसकेको छ। यसले पार्टीभित्रको आन्तरिक लोकतन्त्रसँगै गुटबन्दीको प्रभावलाई पनि स्पष्ट देखाउँछ ।

पछिल्ला दशकमा कांग्रेसभित्र संस्थापन र इतर समूहबीचको प्रतिस्पर्धा अझ स्पष्ट हुँदै गएको छ। नेतृत्व चयन, टिकट वितरण, सरकारमा सहभागिता, पार्टी सञ्चालन तथा आगामी राजनीतिक रणनीतिका विषयमा देखिने मतभेदले संगठनलाई कमजोर बनाउने जोखिम बढाएको छ ।

स्वस्थ प्रतिस्पर्धाले नेतृत्वलाई जिम्मेवार र पार्टीलाई गतिशील बनाउन सक्छ, तर गुटगत स्वार्थले विचार र नीतिलाई ओझेलमा पार्दा कार्यकर्ता निराश हुन्छन् र जनविश्वासमा समेत असर पर्न सक्छ। विगतका विभाजनबाट पाठ सिक्दै वर्तमान नेतृत्वले असहमतिको सम्मान गर्दै संवाद र सहमतिलाई प्राथमिकता दिन आवश्यक छ ।

कांग्रेसको भविष्य केवल कुनै एक नेता वा समूहको हातमा होइन, सम्पूर्ण पार्टीको सामूहिक निर्णय र कार्यकर्ताको विश्वासमा निर्भर हुन्छ । त्यसैले अहिलेको आवश्यकता गुट विस्तार गर्नु होइन, संगठन सुदृढ गर्नु हो। वैचारिक बहसलाई संस्थागत गर्दै नेतृत्व चयनमा पारदर्शिता, निर्णय प्रक्रियामा सहभागिता र अनुशासनमा समान मापदण्ड कायम गर्नुपर्छ ।

मतभेदलाई विभाजनको कारण होइन, सुधारको अवसरका रूपमा लिन सके कांग्रेसले आफ्नो लोकतान्त्रिक विरासतलाई अझ बलियो बनाउन सक्छ। आठ दशक लामो इतिहास बोकेको पार्टीका लागि आगामी बाटो गुटको विजयभन्दा पनि एकता, नीति र जनउत्तरदायित्वमा आधारित हुनुपर्छ ।




# अन्तरिक्षमा नेपाल




प्रशान्तकुमार मोदक

**हामीले जमिनको सिमाना रक्षाका लागि त धेरै बहस गर्‍यौं तर अब आकाशमा आफ्नो अधिकार र स्वदेशी प्रतिभाको भविष्य सुरक्षित गर्न नेपाल सरकारका लागि स्वतन्त्र अन्तरिक्ष एजेन्सी स्थापनानिम्ति यो नै सबैभन्दा उपयुक्त समय हो।**

नेपालले सन् २०१९ अप्रिल १७ मा आफ्नै पहिलो नानो-भूउपग्रह 'नेपालीस्याट-१' सफलतापूर्वक प्रक्षेपण गर्दा आमनेपालीमा एउटा फरक गर्व र उत्साह थियो तर आवश्यक कानुनी तथा नीतिगत ढाँचाको अभावमा यो प्रयास केवल एउटा प्राविधिक प्रयोग र शैक्षिक कोसेढुङ्गामा मात्र सीमित रहन पुग्यो। आज हामी अन्तरिक्ष प्रविधिको कम्युनिकेसन, मौसम, भूअनुगमन तथा नेभिगेसन सेवामा निर्भर प्रयोगकर्ता त बनिसक्यौँ । यसलाई नियमन, व्यवस्थापन र सुरक्षित गर्ने कानुनी धरातलमा अझै शून्यमै छौं। सन् २०२२ मा 'नेपाल-पिक्यु १' को सफल प्रक्षेपण र सन् २०२४ मा इस्रोसँग 'मुनाल' न्यानोस्याटेलाइटका लागि गरिएको सम्झौताले नेपालको अन्तरिक्ष यात्रा अगाडि बढिरहेको देखाए पनि हाम्रो कानुनी पूर्वाधार यो गतिलाई धान्न सक्ने गरी बलियो छैन । यही संवेदनशीलतालाई बुझेर सन् २०२६ को मे १३ मा सरकारले शिक्षा मन्त्रालयबाट विज्ञान र प्रविधिलाई अलग गरेर एउटा छुट्टै 'विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय' स्थापना गरेको छ। यसको कार्यक्षेत्रमा अन्तरिक्ष र खगोल विज्ञानसम्बन्धी अध्ययन तोकिनु ऐतिहासिक कोसेढुङ्गा हो ।

तर संयुक्त राष्ट्रसङ्घको अन्तरिक्ष मामिला कार्यालयले विकास गरेका मुख्य पाँच वटा अन्तरिक्ष सन्धिहरूमध्ये नेपालको संलग्नता अत्यन्तै कमजोर र अपूर्ण छ । नेपालले केवल सन् १९६७ को बाह्य अन्तरिक्ष सन्धि र सन् १९६८ को उद्धार सम्झौतालाई मात्र पूर्ण रूपमा अनुमोदन गरेको छ । अन्तरिक्ष यात्रालाई सुरक्षित र व्यावसायिक बनाउन आवश्यक पर्ने सन् १९७२ को दायित्व महाभिसन्धिमा नेपाल केवल हस्ताक्षरकर्ताका रूपमा सीमित छ भने सन् १९७६ को दर्ता महाभिसन्धि र सन् १९७९ को चन्द्र सम्झौतामा नेपालको कुनै संलग्नता छैन ।

दायित्व महाभिसन्धि अनुमोदन नहुँदा भोलि नेपाली नागरिक, निजी स्टार्टअप वा राज्यकै भूउपग्रह स्पेस एक्स वा इस्रोको रकेटमार्फत उडान भरी कक्षमा पुगेपछि अन्य देशको भूउपग्रहसँग ठोक्किएर दुर्घटना भएमा अन्तर्राष्ट्रिय अदालत वा संयुक्त राष्ट्रसङ्घको दाबी संयन्त्रमा भाग लिने पूर्ण कानुनी अधिकार नेपालसँग सुरक्षित हुँदैन। यसले गर्दा विदेशी प्रक्षेपणकर्ताले सम्पूर्ण क्षतिपूर्तिको भार नेपाल सरकार वा स्वदेशी कम्पनीमाथि थोपर्ने जोखिम रहन्छ । अर्कोतर्फ दर्ता महाभिसन्धिको अभावमा आफ्नो राष्ट्रिय दर्ता किताब सञ्चालन गर्न नपाउँदा 'नेपालीस्याट-१' जापानको र 'नेपाल-पिक्यु १' अमेरिकाको दर्ता किताब अन्तर्गत राष्ट्रसङ्घमा दर्ता हुनु परेको थियो; जुन अन्तर्राष्ट्रिय कानुनको नजरमा हाम्रो आकाशीय सार्वभौमिकताको दृष्टिकोणले सुखद होइन ।

यसबाहेक नेपालमा मौजुदा रहेको 'भूउपग्रह नीति, २०७७' केवल ठुला भू-स्थिर सञ्चार उपग्रहमा मात्र केन्द्रित हुँदा यसले आधुनिक साना क्युबस्याट, अन्तरिक्ष फोहोर न्यूनीकरण र निजी क्षेत्रको सहभागितालाई पूर्ण रूपमा पन्छाएको छ । यो कानुनी र नीतिगत शून्यताको सबैभन्दा ठुलो मार स्वदेशी भूमिबाटै रकेट प्रक्षेपणको सपना देखिरहेको र उच्चस्तरीय प्राविधिक अनुसन्धान गरिरहेका कतिपय निजी नवप्रवर्तकहरूले भोग्नु परिरहेको छ । ठोस इन्धन र तरल अक्सिडाइजरको संयोजनबाट सञ्चालन हुने 'हाइब्रिड रकेट प्रविधि' मा केन्द्रित रहेर यो कम्पनीले काम गरिरहेको छ; जुन अत्यन्तै सुरक्षित, विस्फोट नहुने, सस्तो र नियन्त्रण गर्न सजिलो हुन्छ। विश्वभर नै हाइब्रिड रकेट प्रविधिलाई व्यावसायिक रूपमा प्रयोग गर्ने एजेन्सीहरू औँलामा गन्न सकिने मात्र भएकाले नेपालले स्थानीय नवप्रवर्तनमार्फत यस क्षेत्रमा आफ्नो बलियो वैश्विक उपस्थिति देखाउने अद्वितीय अवसर पाएको तर एउटा स्वतन्त्र, स्वायत्त र नियमनकारी अधिकारसम्पन्न 'नेपाल अन्तरिक्ष एजेन्सी' को टड्कारो अभावका कारण यस्ता नवप्रगामी संस्थाहरूले न आफ्नो प्रविधिको वैधता र सुरक्षित परीक्षणका लागि अनुमति पाउने कुनै कानुनी बाटो भेट्टाएका छन् न त राज्यबाट कुनै प्रकारको नीतिगत संरक्षण र प्रोत्साहन नै पाउन सकेका छन् ।

राष्ट्रियस्तरमा अन्तरिक्ष गतिविधिहरूलाई एकीकृत, निर्देशित र नियमन गर्ने एउटा बलियो छाता सङ्गठन र इजाजतपत्र दिने स्पष्ट कानुनी संयन्त्र नहुँदा स्वदेशमै अन्तरिक्ष प्रविधिको विकास गर्न खोज्ने युवा इन्जिनियरहरू 'नो-म्यान्स ल्यान्ड' मा उभिन बाध्य छन् । यसले अन्तत: राष्ट्रिय गौरवका प्रयासलाई सरकारी फाइलमै अल्झाएर प्रतिभा पलायनलाई बढावा दिन्छ ।

अन्तरिक्ष प्रविधिको यो नीतिगत र प्राविधिक कूटनीति अब नेपालका लागि केवल प्राज्ञिक बहसको विषय मात्र रहेन; यो सिङ्गो मुलुकको सार्वभौमिकता र भूराजनीतिक अस्तित्व रक्षाको कडी बनेको छ। वर्तमान परिप्रेक्ष्यमा बाह्य अन्तरिक्ष विश्वव्यापी महाशक्तिहरूको सैन्य, व्यापारिक र रणनीतिक प्रतिस्पर्धाको नयाँ मोर्चा बनिसकेको छ । छिमेकी मुलुकहरू भारत र चीनले अन्तरिक्ष विज्ञानमा ठुलो फड्को मारिरहँदा तिनीहरूको बिचमा रहेको नेपालले कानुनी र नीतिगत रूपमा आफूलाई बलियो नबनाए हाम्रो आकाशीय क्षेत्र र अर्बिटल स्लटहरूमाथि अरूकै अदृश्य नियन्त्रण कायम हुने जोखिम रहन्छ । यसै कारण नवगठित मन्त्रालयका सामु एकातिर अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो बलियो उपस्थिति र कूटनीतिक अडान प्रस्तुत गर्नुपर्ने चुनौती छ भने अर्कातिर देशभित्र रहेका नवप्रवर्तकहरूको रक्षा गर्दै आन्तरिक सुरक्षा र नियमनको बलियो प्रबन्ध मिलाउनुपर्ने गहन दायित्व छ। हामीसँग अन्तर्राष्ट्रिय सन्धिहरूको पूर्ण अनुमोदन र आफ्नै कडा घरेलु ऐन नभएसम्म हामीले अन्तर्राष्ट्रिय मञ्चहरूमा चित्तबुझ्दो कानुनी प्रतिरक्षा गर्न र आफ्नो हकदाबी सुरक्षित राख्न सक्ने छैनौं। यसले गर्दा देशको समग्र राष्ट्रिय सुरक्षा र कूटनीतिक गरिमा नै धरापमा पर्न सक्छ ।

नेपालको भौगोलिक बनावट जटिल, हिमाली, भूकम्प-संवेदनशील तथा विपत् जोखिमयुक्त भएकाले अन्तरिक्षमा आधारित सेवाको उपयोग राष्ट्रिय आवश्यकतासँग प्रत्यक्ष रूपमा सम्बन्धित छ । नेपालले सन् २०१५ पछिको पुनर्निर्माण, भूनियन्त्रण सञ्जाल पुनर्स्थापना, जिएनएसएसमा आधारित नापी प्रणाली, भूउपयोग विश्लेषण तथा सगरमाथा उचाइ मापन जस्ता कार्यमा उपग्रह प्रविधिको प्रयोगात्मक महत्व स्वीकार गरिसकेको छ। यसले नेपालमा अन्तरिक्ष प्रविधिको सान्दर्भिकता केवल सञ्चार वा प्रसारण सेवासम्म सीमित छैन भन्ने प्रमाणित गर्छ । यही बहुआयामिक भूमि, स्रोत र सुरक्षा व्यवस्थापनको विशाल दायरालाई प्रशासनिक ढिलासुस्ती र अमूर्त नीतिहरूले सम्बोधन गर्न सक्दैनन् । त्यसैले देशको सम्पूर्ण अन्तरिक्ष गतिविधिलाई एउटै छातामुनि एकीकृत गर्न र रणनीतिक निर्णय लिन अधिकारसम्पन्न स्वायत्त 'नेपाल अन्तरिक्ष एजेन्सी' को स्थापना अनिवार्य बनेको हो ।

बाह्य अन्तरिक्ष विश्वव्यापी महाशक्तिहरूको सैन्य, व्यापारिक र रणनीतिक प्रतिस्पर्धाको नयाँ मोर्चा बनिसकेको परिप्रेक्ष्यमा छिमेकी मुलुकहरू भारत र चीनले चन्द्रमा र मङ्गल ग्रहसम्म यान पुर्‍याएर ठुलो फड्को मारिरहँदा नेपालले कानुनी, संस्थागत र संरचनात्मक रूपमा एनएसएमार्फत आफूलाई बलियो नबनाए हाम्रो आकाशीय क्षेत्र र नेपालको भागमा पर्ने अर्बिटल स्लटहरूमाथि अरूकै अदृश्य नियन्त्रण कायम हुने जोखिम रहन्छ ।

नेपाल भौगोलिक अवस्थिति, भूकम्प, बाढी र हिमताल विस्फोट जस्ता प्राकृतिक विपत्प्रतिको संवेदनशीलताका कारण पनि स्याटेलाइट डाटा, पर्यावरण अनुगमन र परिष्कृत मौसम पूर्वानुमान प्रविधिमा आत्मनिर्भर हुन आवश्यक छ । हाम्रो लागि यो विलासिता होइन, बरु नागरिकको जीवनरक्षाको माध्यम र दिगो विकासको आधार हो। त्यसैले नवगठित मन्त्रालयले अबको बाटो तय गर्दा तत्काल संसद् र क्याबिनेटबाट सन् १९७२ को दायित्व महाभिसन्धि र सन् १९७६ को दर्ता महाभिसन्धि अनुमोदन गर्ने प्रक्रिया अगाडि बढाउनु पर्छ ।

संयुक्त राष्ट्रसङ्घको 'ग्लोबल स्पेस ल प्रोजेक्ट' सँग प्राविधिक र कानुनी सहायता माग गरी नेपालको आफ्नै राष्ट्रिय अन्तरिक्ष गतिविधि ऐनको मसौदा तयार गर्न ढिला गर्नु हुँदैन । साथै सञ्चार मन्त्रालय, परराष्ट्र मन्त्रालय र विज्ञान मन्त्रालयबिच नीतिगत समन्वय गर्दै सिङ्गो देशको अन्तरिक्ष अभियानको कमान्ड समाल्ने एउटा शक्तिशाली, पूर्ण रूपमा स्वायत्त र अधिकारसम्पन्न 'नेपाल अन्तरिक्ष एजेन्सी' को स्थापना अब अपरिहार्य भइसकेको छ । यस एजेन्सीले राष्ट्रिय नीति र नियमन अनुसार यस क्षेत्रका नवप्रवर्तकहरूलाई काम गर्ने सहज वातावरण, रकेट परीक्षणका लागि अनुमति, फ्रिक्वेन्सी व्यवस्थापन, इजाजतपत्र र सुरक्षा क्लियरेन्स दिने एउटा भरपर्दो 'एकद्वार प्रणाली' का रूपमा काम गर्नु पर्छ ।

अन्तरिक्ष अब केवल ठुला र धनी राष्ट्रहरूको मात्र पेवा रहेन र प्रविधिको विकाससँगै यो क्षेत्र लोकतान्त्रिक र सर्वसुलभ हुँदै गइरहेको छ। नेपालसँग प्रतिभा, युवा इन्जिनियरहरूको जोस र अन्तर्राष्ट्रिय सद्भावना छ तर कमी छ त केवल एक दूरदर्शी कानुनी र नीतिगत ढाँचाको। हाम्रा उच्च हिमाली भूभागहरू (जस्तै- हुम्ला, मुस्ताङ) कम वायुमण्डलीय घनत्व र विशिष्ट रणनीतिक अवस्थितिका कारण न्यूनकक्षीय उपग्रह प्रक्षेपण, रकेट परीक्षण र वैज्ञानिक अब्जर्भेटरीका लागि अध्ययन गर्न भौगोलिक रूपमा संसारकै उत्कृष्ट मानिन्छन्; जसको लाभ उठाउन कानुनी र व्यावसायिक बाटो स्पष्ट हुनु पर्छ । हामीले समयमै कानुनी र संस्थागत पूर्वाधार निर्माण गरेनौं भने हाम्रा आगामी अन्तरिक्ष अभियानहरू अन्तर्राष्ट्रिय कानुनी अड्चनमा फस्ने छन् र निजी क्षेत्रका प्रयासहरू सरकारी फाइलका चक्रव्यूहमा पुरिने छन् । हामीले जमिनको सिमाना रक्षाका लागि त धेरै बहस गर्‍यौं तर अब आकाशमा आफ्नो अधिकार र स्वदेशी प्रतिभाको भविष्य सुरक्षित गर्न नवगठित विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय र समग्र नेपाल सरकारका लागि एउटा स्वतन्त्र अन्तरिक्ष एजेन्सी स्थापनाका लागि गम्भीर बन्ने यो नै सबैभन्दा उपयुक्त र उच्च समय हो ।

**साभार:गोरखापत्र**

# हत्यापछि बोरामा हालेर हेटौंडाको जंगलमा फालिएकी युवतीको पहिचान

हेटौंडा, १७ असोज/हत्यापछि बोरामा हालेर सामुदायिक वनमा फालिएको अवस्थामा भेटिएकी महिलाको दुई महिनापछि पहिचान खुलेको छ।

हेटौँडा उपमहानगरपालिका( १५ स्थित सेल्फी रोड नजिकै सामुदायिक वनमा गत साउन २२ गते मृत फेला परेकी महिला भारतकी २२ वर्षीया अफ्रिना प्रविन भन्ने रुची खातुन रहेको डीएनए परीक्षणबाट पुष्टि भएको हो।

मकवानपुर प्रहरीका अनुसार रुचीको हत्या गरी शव बोरामा राखेर सामुदायिक वनमा फालिएको थियो। घटनामा भारतकै २७ वर्षीय राहुलकुमार गुप्ता भन्ने ईश्वर कुमारको संलग्नता रहेको अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता माधव काफ्लेले जानकारी दिनुभयो।

गत साउन २२ गते दिउँसो करिब १:३० बजे सामुदायिक वनमा महिलाको शव फेला परेको थियो। शवको पहिचान हुन नसकेपछि जिल्ला प्रहरी कार्यालय मकवानपुरले मृतकको स्केचसहित उनले लगाएको कपडा, खुट्टाको औंलामा लगाएको बिछिया, कानमा लगाएको मुन्द्रा, दुवै हातमा लगाएको रातो(हरियो रङको लहठी र नाकको फुलीको विवरण सार्वजनिक गर्दै पहिचानका लागि सहयोग मागेको थियो।

अनुसन्धानका क्रममा मृतक महिला घटना हुनुभन्दा करिब दुई महिनाअघि चितवनको भरतपुर महानगरपालिका( ३ बेलचोक, नौघरे, गणेशमार्ग टोलमा कोठा भाडामा लिएर बस्दै आएको खुलेको थियो। उनी भारत घर बताउने राहुलकुमार गुप्ता भन्ने ईश्वर कुमारसँगै बस्दै आएको सम्बन्धित घरधनीबाट खुलेपछि प्रहरीले भारतीय प्रहरीको समेत सहयोगमा अनुसन्धान अघि बढाएको डीएसपी काफ्लेको भनाइ छ।

उहाँका अनुसार मृतक भारतको बेतिया बैरिया थाना सरैया भटवलिया( ६ निवासी अफ्रिना प्रविन भन्ने रुची खातुन रहेको पुष्टी भएको हो। विवाहित रुची गत वैशाख ९ गते ६ महिनाकी छोरीलाई साथमा लिएर श्रीमानको घरबाट दाँतको उपचार गर्न जाने भन्दै निस्किएपछि सम्पर्कविहीन भएकी थिइन्।

उनी हराएपछि परिवारले भारतको बेतिया प्रहरीमा खोजतलासका लागि निवेदन दिएको थियो। नेपालमा फेला परेको शव र भारतमा हराएकी महिलाको विवरणबीच समानता देखिएपछि प्रहरीले डीएनए परीक्षणसहित पहिचानको प्रक्रिया अघि बढाएको थियो।

मृतककी आमा फातमा खातुनले गत भदौ ४ गते राहुलविरुद्ध जिल्ला प्रहरी कार्यालय मकवानपुरमा कर्तव्य ज्यान मुद्दामा किटानी जाहेरी दिनुभएको थियो। अनुसन्धानका क्रममा मृतकको डीएनए र उनकी आमाको डीएनए नमुना मेल खाएपछि शव रुची खातुनकै भएको पुष्टि भएको हो।

डीएनए परीक्षणबाट पहिचान खुलेपछि मृतककी आमा फातमा खातुनले असोज १६ गते जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट शव बुझेर लगिसकेको प्रहरीले जनाएको छ।

घटनामा संलग्न भनिएका राहुलविरुद्ध भारतको नगर थाना बेतियामा समेत मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ। उनी हाल अनुसन्धानका क्रममा भारतको कारागार कार्यालय बेतियामा थुनामा रहेको डीएसपी काफ्लेले जानकारी दिनुभयो।

## सैनिक जवान अभिषेकको ...

बाढीपहिरोपछि बेपत्ता भएका थिए। घटनापछि नेपाली सेना, अन्य सुरक्षा निकाय तथा स्थानीयवासीको सहयोगमा लामो समयसम्म खोजी कार्य जारी राखिए पनि उनको अवस्था र ठेगाना हालसम्म पत्ता लाग्न सकेको छैन।

बेपत्ता भएको लामो समय बितिसक्दा पनि शव फेला नपरेपछि परिवारले हिन्दु धार्मिक परम्पराअनुसार कुशको शव बनाई अन्तिम संस्कार गरेका हुन्। सो क्रममा रौतहटस्थित नेपाली सेनाका प्रमुख तथा अन्य अधिकारीहरूले अभिषेकका पिता बैधनाथ साह कानुसँग भेट गरी समवेदना व्यक्त गरेका छन्। उनीहरूले परिवारजनप्रति सहानुभूति व्यक्त गर्दै दुःखको यस घडीमा साथ रहने बताएका थिए।

अभिषेक नेपाली सेनामा कार्यरत रहँदा रसुवाको भोटेकोशी बाढीपहिरोमा परेर बेपत्ता भएका थिए।

# दाउन्नेमा बस दुर्घटना : ज्यान गुमाएका ६ जनाको मृत्यु

काठमाण्डौ १७ असोज/पूर्व( पश्चिम राजमार्गअन्तर्गत नवलपरासी (बर्दघाट(सुस्तापूर्व) दाउन्नेमा आज बिहान भएको यात्रुवाहक बस दुर्घटनामा ६ जनाले ज्यान गुमाएका छन्।



जिल्ला प्रहरी कार्यालयका अनुसार दुर्घटनामा परेर बसका चालक बाँकेको खजुरा गाउँपालिका( २ का सुरेश बिसी, कोहलपुर नगरपालिका( ३ का दीपेन्द्र केसी, कोहलपुर( १० का एकेन्द्रराज रेग्मी, नेपालगञ्ज उपमहानगरपालिका( ७ का कृष कनौजिया, जाजरकोटको भेरिगङ्गा नगरपालिका( ३ का निर्जुङ गुरुङ र बाजुराको स्वामीकार्तिक गाउँपालिकाका नरेन्द्रराज गिरीको ज्यान गएको हो। प्रहरीका अनुसार १८ जना यात्रु लिएर नेपालगञ्जबाट काठमाण्डौतर्फ गुडिरहेको बस बिहान विनयीत्रिवेणी गाउँपालिका( २ दाउन्नेमा रहेको एसमोडमा पल्टिएको थियो।

दुर्घटनामा परेर घाइते भएका १२ जनालाई मध्यविन्दु प्रादेशिक अस्पताल डण्डामा प्रारम्भिक उपचारपछि ८ जनालाई थप उपचारका लागि चितवनको भरतपुरमा रहेको चितवन मेडिकल कलेज शिक्षण अस्पताल पठाइएको छ।

# सर्लाहीमा एकै परिवारका चार जना कांग्रेस महाधिवेशन प्रतिनिधि



सर्लाही, १७ असोज/नेपाली कांग्रेसका सभापति गगनकुमार थापाको निर्वाचन क्षेत्र सर्लाही( ४ बाट एकै परिवारका चार जना महाधिवेशन प्रतिनिधि चयन भएका छन्।

प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनबाट सर्लाहीका पूर्वसभापति सुरेन्द्रप्रसाद सिंहको परिवारका चार जना महाधिवेशन प्रतिनिधि चयन भएका हुन्। सर्लाही( ४ को क्षेत्रीय अधिवेशनबाट उनीहरू सबै सर्वसम्मत चुनिएको बताइएको छ।

धनकौल( २ का सिंहसँगै वीरेन्द्रप्रसाद सिंह, बेबी सिंह र सुधीरकुमार सिंहको नाम सर्लाही( ४ बाट चयन भएका महाधिवेशन प्रतिनिधिहरूको सूचीमा उल्लेख छ।

वीरेन्द्र पूर्वसभापती सुरेन्द्रका सहोदर भाइ हुनुहुन्छ। उहाँ मधेश प्रदेश कार्यसमितिका उपसभापती पनि हुनुहुन्छ। बेबी पूर्वसभापती सुरेन्द्रकी श्रीमती र सुधीर छोरा भएको एक नेताले जानकारी दिएका छन्।

स्रोतका अनुसार पूर्वसभापती सुरेन्द्रका दुई जना भिनाजु पनि महाधिवेशन प्रतिनिधि चयन भएका छन्। महाधिवेशन प्रतिनिधमा चयन भएका केदारनन्दन चौधरी र रविनन्दन चौधरी सुरेन्द्रका भिनाजु हुन।

भ्रष्टचार मुद्दामा अदालतले दोषी ठहर गरेपछि सुरेन्द्रले २०८२ भदौ पहिलो साता जिल्ला सभापतिबाट राजीनामा दिनुपरेको थियो।

विशेष अदालतबाट २०७१ पुस २५ मा मनुसमरा सिँचाइ आयोजना क्षेत्रका रुख कटान गर्दा सुरेन्द्रले भ्रष्टाचार गरेको ठहर भएको थियो।

## जीतपुरसिमरामा...

जिम्मेवार बनाएर नतिजामुखी सेवा प्रवाह गर्ने निरौलाको यो कदमलाई वडा अध्यक्ष तथा सेवाग्राहीहरूले स्वागतयोग्य कदम भनेका छन्। तर प्राविधिक र प्रशासनिक कर्मचारीको अभावमा योजना कार्यान्वयको चुनौति पनि रहेको उनीहरुको भनाई छ।

जीतपुरसिमरा वडा नं. २१ का वडा अध्यक्ष सुवास श्रेष्ठका अनुसार उपमहानगरपालिकाका वडा कार्यालयहरूमा अधिकृत स्तरका वडा सचिव हुनुपर्ने प्रावधान भए पनि अधिकांश वडामा अधिकृत स्तरका कर्मचारी छैनन् र कतिपय वडामा अमिनलाई वडा सचिवको जिम्मेवारी दिइएको छ।

त्यसैगरी वडा नं. १४ की वडा अध्यक्ष चयन गुरुङ र वडा नं. ५ का वडा अध्यक्ष दीपेन्द्र चौधरीले पनि अधिकार हस्तान्तरण सकारात्मक भए पनि वडा तहमा लेखा र प्राविधिकतर्फका कर्मचारी थप नगरिएसम्म काम गर्न चुनौती रहने प्रतिक्रिया दिनुभएको छ।

उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले भने नगरसभाको निर्णय कार्यान्वयनका लागि हाल उपलब्ध जनशक्तिलाई नै प्रशिक्षण दिएर सेवा सुरु गर्न लागिएको बताउनुभएको छ। थप कर्मचारीको व्यवस्थापनका लागि प्रदेश लोकसेवा आयोगसँग माग भइसकेको र आइपर्ने चुनौतीहरूको सामना गर्दै अघि बढ्ने पौडेलले बताउनुभयो।

अधिकार हस्तान्तरणसँगै कार्यसम्पादनलाई व्यवस्थित बनाउन उपमहानगरपालिकाले वडा सचिवहरूका लागि शनिबारदेखि सार्वजनिक खरिद र स्थानीय वित्त व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धिको लागि तालिमको आयोजना गरेको छ।

आर्थिक प्रशासन महाशाखाका उपसचिव हरिशंकारप्रसाद कुर्मी, प्रशासन महाशाखाका उपसचिव उमेश वाग्ले र पूर्वाधार विकास महाशाखाका उपसचिव अभयकान्त झाले तालिममा सहजीकरण गर्नेछन्।

तालिमले वडाका कर्मचारीहरूलाई कानुनी र प्राविधिक रूपमा सक्षम बनाई योजना कार्यान्वयनमा आउन सक्ने जटिलता समाधान गर्न सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

## मैनालीलाईनिजगढ...

सक्रिय रहँदै आउनुभएका मैनालीले युथ अफ निजगढ, लायन्स क्लब अफ निजगढ सिटी तथा गौरीशंकर फाउण्डेशनलगायत विभिन्न स्थानीय संस्थामा रहेर जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ।

नगर सभापतीमा मैनालीको चर्चासँगै उहाँका समर्थकहरूले निजगढ काँग्रेसको नेतृत्वमा युवा पुस्ताको दाबीका रूपमा व्याख्या गरेका छन्।

देउवा समूहले १५औं महाधिवेशनअन्तर्गत असोज १५ गते वडा अधिवेशनबाट तल्लो तहको अधिवेशन प्रक्रिया सुरु गरेको छ। चरणबद्ध भने असोज २० गते नगर अधिवेशन गर्ने कार्यतालिका रहेको छ। नगर अधिवेशनबाट नेतृत्व चयन भएपछि प्रदेश हुँदै केन्द्रीय महाधिवेशनको प्रक्रिया अघि बढ्नेछ।

देउवा नेतृत्वको कांग्रेसले १५औं केन्द्रीय महाधिवेशन मंसिर २१, २२ र २३ गते काठमाडौंमा गर्ने तयारी गरेको छ।

## बारा-१कारास्वपा...

छ।

महतोले विपक्षीहरूको गतिविधिबाट आफ्नो व्यक्तिगत चरित्र, आचरण तथा सामाजिक प्रतिष्ठामा असर परेको दाबी गर्नुभएको छ। आफू र परिवारका सदस्यलाई गाउँघर तथा समाजमा अपहेलना र अपमानको सामना गर्नुपरेको भन्दै उनले दोषीमाथि कानुनबमोजिम कारबाही गर्न प्रहरीसमक्ष माग गर्नुभएको छ।

जाहेरीमा घटनासँग सम्बन्धित प्रमाणका रूपमा विपक्षीहरूले गरेका निर्णयको फोटोकपीसमेत संलग्न रहेको र आवश्यक अनुसन्धान तथा सरजमिन गरी सत्यतथ्य पत्ता लगाउन माग गरिएको छ।

सांसद सिंह २०७४ सालको स्थानीय तह निर्वाचनमा तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट देवताल गाउँपालिकाका अध्यक्ष पदमा निर्वाचित हुनुभएको थियो।

२०८२ फागुन २१ गते भएको प्रतिनिधि सभा निर्वाचनअघि उहाँ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरी बारा क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएको हो





# बारामा सशस्त्र प्रहरीद्वारा १६३ बोरा केराउ बरामद, व्यवसायीको आपत्ति



कलैया, १७ असोज/भन्सार कर्मचारीहरुको टोलीले बाराको पचरौता नगरपालिकाबाट ठूलो परिमाणमा हरियो केराउ बरामद गरेपछि व्यवसायी पक्षले घटनाप्रति आपत्ति जनाएको छ । व्यवसायी पक्षले आफूहरूसँग केराउ खरिदको बिल, भ्याट बिललगायत आवश्यक कागजात रहेको दाबी गर्दै घटनाको निष्पक्ष छानबिन गर्न माग गरेको छ ।

शुक्रबार विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल नम्बर १२ गण हेडक्वार्टर बाराका गणपति सशस्त्र प्रहरी उपरीक्षक विशाल सिलवाल र वीरगञ्ज भन्सार कार्यालयबाट खटिएको संयुक्त टोलीले पचरौता नगरपालिका( ६ पकडियास्थित सचितानन्द रौनियारको रौनियार गल्ला तथा खाद्यान्न भण्डारमा खानतलासी गरेको थियो ।

खानतलासीका क्रममा १६३ बोरा अर्थात् ८ हजार १५० किलो हरियो केराउ बरामद गरिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर १२ गण हेडक्वार्टर बाराका सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक विक्रममणि अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार बरामद केराउको मूल्य ७ लाख ३३ हजार ५०० रुपैयाँ रहेको र आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालय, पर्सामा बुझाइएको छ ।

व्यवसायी पक्षले भने केराउ खरिद गरी गोदाममा राखिएको र त्यसको खरिद बिल, भ्याट बिललगायत आवश्यक कागजात आफूसँग रहेको दाबी गरेको छ। राजनीतिक पूर्वाग्रहका कारण गलत सूचना दिइएको आरोप लगाउँदै व्यवसायी पक्षले कागजात हुँदाहुँदै सामान नियन्त्रणमा लिइएको भन्दै आपत्ति जनाएको हो । व्यवसायी पक्षले खरिद बिल, भ्याट बिल तथा अन्य कागजातको निष्पक्ष परीक्षण गरी केराउको वास्तविक अवस्था यकिन गर्न सम्बन्धित निकायसँग माग गरेको छ । कागजात वैध रहेको पुष्टि भए नियन्त्रणमा लिइएको सामान कानुनबमोजिम फिर्ता गर्नसमेत आग्रह गरिएको छ ।

यता, सशस्त्र प्रहरीले बरामद गरिएको हरियो केराउ कुन उद्देश्यले गोदाममा राखिएको थियो र त्यसको आयात तथा भण्डारण वैधानिक हो वा होइन भन्ने विषय अब भन्सार कार्यालयबाट परीक्षण हुने छ ।

# कलैयाको सितलपुरमा ३ दिने श्री मुआमाई मेला सुरु

कलैया, १७ असोज/कलैया उपमहानगरपालिका वडा नम्बर( ११ र १२ स्थित सितलपुर, विश्रामरपुरमा शुक्रवारबाट ३ दिने श्री मुआमाई मेला सुरु भएको छ

श्री मुआमाई मेला समितिको आयोजनामा सञ्चालन भइरहेको मेलाको कलैया उपमहानगरपालिकाका नगर प्रमुख विनोदप्रसाद साहले रिबन काटेर उद्घाटन गर्नुभएको थियो ।

उद्घाटन समारोहमा नगर प्रमुख साहलाई मेला समितिका अध्यक्ष धर्मेन्द्रप्रसाद यादव 'रकि यादव' ले फूलमाला तथा दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो । अध्यक्ष यादवले कार्यक्रममा उपस्थित अन्य अतिथिहरूलाई समेत दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो ।

मुआमाई मेलामा स्थानीय तथा विभिन्न क्षेत्रका श्रद्धालु भक्तजनको सहभागिता रहेको आयोजकले जनाएको छ । आइतवारसम्म चल्ने सो मेलामा धार्मिक कार्यक्रमसँगै विभिन्न सांगीतिक तथा मनोरञ्जनात्मक कार्यक्रमहरू समेत आयोजना रहेको मेला समितिका अध्यक्ष यादवले जानकारी दिनुभयो ।

# १९ वर्ष कैद र करिव २ करोड जरिवाना तोकिएका दाजुभाइ पक्राउ




वीरगञ्ज, १७ असोज/जिल्ला प्रहरी कार्यालय पर्साले ठगी तथा संगठित अपराध मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका दुई प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका( १६ का २९ वर्षीय वीरनारायण चौरसिया र उनका २४ वर्षीय भाइ राजनारायण चौरसिया रहेका छन् ।

पर्सा प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) पवनकुमार भट्टराईका अनुसार दुवै जनालाई वीरगञ्ज( १६ स्थित इनर्वा क्षेत्रबाट पक्राउ गरिएको हो ।

अदालतले उनीहरू दुवैलाई ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा १९ वर्ष कैद र कुल १ लाख ९० हजार रुपैयाँ जरिवाना तोकेको थियो । सजाय तोकिएपछि फरार रहेका उनीहरूलाई वडा प्रहरी कार्यालय विर्ताबाट प्रहरी निरीक्षक विक्रम सुवेदीको कमान्डमा खटिएको टोलीले विशेष सूचनाका आधारमा खोजतलास तथा निगरानी गर्दै पक्राउ गरेको प्रहरीले जनाएको छ

पक्राउ परेका दुवै जनालाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी पर्सा जिल्ला अदालतमा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# रौतहटको बैरगिनियास्थित एक पोखरीमा युवकको शव फेला

रौतहट १७ असोज/रौतहटको फतुवा विजयपुर नगरपालिका( १ बैरगिनिया टोलमा एक युवक पोखरीमा मृत अवस्थामा फेला परेका छन् ।

स्थानीयका अनुसार फतुवा विजयपुर( १ बैरगिनिया टोलका रामहरी दासका करिब २८ वर्षीय छोरा राजेश दास सोही स्थानका अरबिन्द यादवको पोखरीमा शुक्रबार मृत अवस्थामा फेला परेका हुन् ।

राजेश पोखरीमा घोप्टो परेको अवस्थामा रहेको भन्दै स्थानीयले बिहान प्रहरीलाई जानकारी गराएका थिए । सूचना प्राप्त भएपछि इलाका प्रहरी कार्यालय सन्तपुर लक्ष्मिनियाबाट प्रहरी नायब निरीक्षक विनोद पासवानको कमाण्डमा टोली घटनास्थल पुगेको थियो ।

प्रहरी टोलीले घटनास्थल सुरक्षित राखी थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाएको छ। घटनाको अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय लक्ष्मिनिया विजयपुरबाट प्रहरी निरीक्षक रादेशकुमार खत्रीको कमाण्डमा सोको सहितको टोली समेत घटनास्थलमा खटिएको प्रहरीले जनाएको छ ।

युवकको मृत्यु पोखरीमा डुबेर भएको हो वा अन्य कुनै कारणबाट भन्ने विषयमा प्रहरीले अनुसन्धान गरिरहेको छ । घटनाको विस्तृत कारण खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ ।

# म्याद गुज्रिएको खाद्य सामग्री बिक्री गर्ने बारा र पर्साका दुई व्यापारी काठमाण्डौबाट पक्राउ



वीरगञ्ज, १७ असोज/ चाडबाडको मौका छोपेर म्याद गुज्रिएका तथा गुणस्तरहीन खाद्य सामग्रीमा नक्कली स्टिकर टाँसेर बिक्री( वितरण गरेको आरोपमा बारा र पर्साका दुई जना व्यापारी काठमाडौंमा पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा बाराको प्रसौनी गाउँपालिका( १ का विजेन्द्र साह र पर्साको विन्दवासिनी गाउँपालिका( २, बहुअर्वाभाठाका अखिलेशप्रसाद गुप्ता रहेका छन् ।

काठमाडौंको चन्द्रागिरि नगरपालिका( १५, तीनथानामा सञ्चालित सिद्धिविनायक खाद्य स्टोरमा जिल्ला प्रहरी परिसर काठमाडौं र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संयुक्त टोलीले गरेको अनुगमनका क्रममा उनीहरू पक्राउ परेका हुन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंका सूचना अधिकारी प्रहरी उपरीक्षक दानबहादुर थापाका अनुसार गोप्य सूचनाका आधारमा स्टोरमा अनुगमन गर्दा म्याद गुज्रिएका खाद्य सामग्रीसँगै मिति परिवर्तन गर्ने उपकरण र नक्कली स्टिकर टाँस्ने सामग्री फेला परेको थियो ।

प्रहरीले अनुगमनका क्रममा मिति उल्लेख गर्ने मेसिन, ल्यापटप तथा प्रिन्टर, बोरा सिलाउने मेसिनलगायत सामग्री बरामद गरेको छ । त्यस्तै, म्याद गुज्रिएका काजु, पिस्ता, आल्मन्ड, कालो भटमास, मकै र हरियो केराउसमेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

गोदामबाट नक्कली लेबलिङ स्टिकर लगाएर बिक्रीका लागि तयार पारिएका मकैपट्टि, राज्मा, अबिर/केशरी, ब्राजिलियन पपकर्न, लोकल खैरो तिल, ओखर र केराउलगायत खाद्य सामग्रीका स्टिकरसमेत बरामद गरिएको छ ।

पक्राउ परेका दुवै जनालाई जिल्ला प्रहरी परिसर काठमाडौंमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# जितिया पर्वमा स्थानीय बिदा दिने चन्द्रपुर नगरपालिकाको निर्णय

रौतहट, १७ असोज/रौतहटको चन्द्रपुर नगरपालिकाले जितिया पर्वको अवसरमा स्थानीय बिदा दिने निर्णय गरेको छ ।

चन्द्रपुर नगरपालिकाका नगर उपप्रमुख जयमालाकुमारी चौधरीले जारी गरेको सूचनाअनुसार तराई( मधेसमा मनाइने महत्वपूर्ण पर्व जितियाको अवसरमा २०८३ असोज १८ गते आइतबार नगरपालिकाभित्र स्थानीय बिदा दिइएको हो ।

नगरपालिकाले जारी गरेको सूचनामा उक्त दिन चन्द्रपुर नगरपालिका कार्यालय, वडा कार्यालय, शैक्षिक संस्थालगायत नगरपालिकाअन्तर्गतका सबै कार्यालयमा स्थानीय बिदा रहने उल्लेख गरिएको छ ।

जितिया पर्वको अवसरमा नगरपालिकाले देश तथा विदेशमा रहेका नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र उन्नतिको शुभकामना समेत व्यक्त गरेको छ ।

नगर उपप्रमुख चौधरीद्वारा हस्ताक्षरित सूचनामा जितिया पर्वका अवसरमा स्थानीय बिदा रहने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको जनाइएको छ ।

चन्द्रपुर नगरपालिकाको यो निर्णयसँगै असोज १८ गते नगरपालिकाअन्तर्गतका सरकारी कार्यालय तथा शैक्षिक संस्थाहरूमा नियमित सेवा तथा पठनपाठन प्रभावित हुने भएको छ ।

# सैनिक जवान अभिषेकको कुशको शव बनाएर अन्त्यष्टि

रौतहट, १७ असोज/रौतहटको मौलापुर नगरपालिका( ७ सगैयाका २२ वर्षीय नेपाली सेनाका जवान अभिषेक गुप्ताको हिन्दु परम्पराअनुसार कुशको शव बनाएर आफन्तले आज अन्तिम संस्कार गरेका छन ।

नेपाली सेनाको श्री शेरगण कार्यालयमा कार्यरत गुप्ता गत भदौ १० गते रसुवामा आएको विनाशकारी

बाँकी तेश्रो पेजमा

# एमाले निजगढ ६ को अध्यक्षमा बालकृष्ण हुमागाईं



निजगढ, १७ असोज/नेपाल कम्युनिस्ट पार्टी (एमाले) निजगढ नगर वडा नम्बर ६ कमिटीको पाँचौं वडा अधिवेशनले बालकृष्ण हुमागाईंलाई अध्यक्ष पदमा सर्वसम्मत चयन गरेको छ ।

शनिवार सम्पन्न अधिवेशनले वडा कमिटीका सबै पदाधिकारीको चयन सर्वसम्मत गरेको हो ।

कमिटीको उपाध्यक्ष दीपक सिलवाल, सचिवमा कृष्णप्रसाद रिमाल, उप(सचिवमा सपना बजगाईं, र विमला अधिकारी चयन भएका छन ।

त्यसैगरी सदस्यहरुमा मैयाँ राउत, कमल बजगाई, गणेश हुमगाई, राजु सञ्जेल, रमेश तिमल्सिना, रूपक चौलागाईं, रिक्षबहादुर तिमल्सिना र अनिल काफ्ले रहेका छन ।

# डुमरवानामा बृहत् नि:शुल्क आयुर्वेदिक तथा डेन्टल स्वास्थ्य शिविर सम्पन्न

डुमरवाना, १७ असोज/ब्रह्मकुमारी राजयोग सेवा केन्द्रले जीतपुरसिमराको डुमरवानामा शनिबार बृहत् नि:शुल्क आयुर्वेदिक स्वास्थ्य शिविर तथा नि:शुल्क डेन्टल क्लिनिक शिविर आयोजना गरेको छ ।

शिविर कार्यक्रमको अध्यक्षता ब्रह्मकुमारी ममता दिदीले गर्नुभएको थियो भने जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारी प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो ।

कार्यक्रममा प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, कलैया, बाराका प्रमुख चिकित्सक डा. पुनिता केसी पनि विशेष अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो ।

शिविरमा दाँत, मुख तथा गिजा रोग विशेषज्ञ डा. उषा महतो, डा. प्रनिषा सिम्खडालगायत विभिन्न क्षेत्रका चिकित्सक, वैद्य तथा स्वास्थ्यकर्मीहरूले बिरामीहरुको स्वास्थ्य परीक्षण गरेका थिए । स्वास्थ्य परीक्षण तथा उपचारका लागि बिहानैदेखि सयौं सेवाग्राही शिविरमा पुगेका थिए । शिविरमा नि:शुल्क पूर्ण स्वास्थ्य जाँच, रक्तचाप, सुगर तथा तौल परीक्षणलगायतका स्वास्थ्य सेवाहरू प्रदान गरिएको थियो । त्यसैगरी आयुर्वेदिक चिकित्सक तथा वैद्यबाट स्वास्थ्यसम्बन्धी परामर्श तथा उपचार सेवा प्रदान गर्नुका साथै आवश्यकताअनुसार नि:शुल्क आयुर्वेदिक औषधिसमेत वितरण गरिएको थियो । दाँत, मुख तथा गिजासम्बन्धी समस्या भएका सेवाग्राहीका लागि विशेष नि:शुल्क डेन्टल क्लिनिक सेवा सञ्चालन गरिएको थियो । आयुर्वेदिक चिकित्सा, प्राकृतिक जीवनशैली तथा नियमित स्वास्थ्य परीक्षणप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको शिविरबाट ठूलो संख्यामा स्थानीय सेवाग्राही लाभान्वित भएका छन् । आयोजकले स्वास्थ्य शिविरले रोगको समयमै पहिचान, उपचार तथा स्वस्थ जीवनशैलीप्रति समुदायमा जनचेतना अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास गरेको छ ।

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा-सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३